नेपाल सरकार

संघिय मामिला तथा स्थानिय विकास मन्त्रालय

# रामधुनी-भासि नगरपालिका कार्यालय

झुम्का सुनसरी

च.नं. ३६३८

क.स. ०७३/०७४

मिति २०७३/०९/१०

**विषय :- एकिकृत शहरी विकासकालागि परियोजना प्रस्ताव (ईच्छापत्र) पेश गर्ने १५ दिने सुचना ।**

सम्वन्धित सबैकोलागि

प्रस्तुत विषयमा नेपाल सरकार सघिय मामिला तथा स्थानिय विकास मन्त्रालय नगरपालिका योजना शाखा (ख) को मिति २०७३।०९।०३ गते च.नं. २०५ को प्राप्त पत्रानुसार चालु आ.ब. ०७३।०७४ मा नगरक्षेत्र पुर्वाधार विकास कार्यक्रम सञ्चालन कार्यविधि २०७३, को दफा (६) मा नगरपालिकाले एकिकृत जग्गा विकास (Land Pooling), एकिकृत बस्ती विकास (Integrated Settlement Development), एकिकृत आवास विकास (House Pooling) कार्यक्रम संचालन गर्ने व्यवस्था भए अनुसार केन्द्रिय अनुदान उपलव्ध गराउने व्यवस्था रहेकोले स्थानिय सहभागिता जुटन सक्ने र एकिकृत बस्ति विकास सम्वन्धि परियोजना सञ्चालन गर्न ईच्छुक नेपाली नागरिक, टोल, वस्ती, समुदाय, संस्थाले तपसिलका अवस्थाहरु पुरा गरी तयार गरिएको परियोजना प्रस्ताव १५ दिन भित्र नगरपालिकामा पेश गर्न अनुरोधछ ।

तपसिल

१. एकिकृत वस्ती विकासका लागि प्रस्तावित क्षेत्रका कम्तिमा ५० घर धुरी संलग्न भई घर वा जग्गा एकिकरण गर्न उक्त क्षेत्रका घरजग्गा धनी मध्ये ५१ प्रतिशत भन्दा बढि ले ईच्छा व्यक्त गरेको हुनु पर्ने र सडक पुर्वाधार, खुल्ला क्षेत्र विकासकालागि निश्चित प्रतिशत जग्गा उपलव्ध गराउनु पर्ने ।

२. प्रस्तावित एकिकृत वस्ती विकास क्षेत्रको प्रारम्भिक नक्सा पेश गर्नु पर्नेछ ।

३. एकिकृतवस्ति विकासमा के कस्को, के कति सहभागिता रहने हो स्पष्ट उल्लेख हुनु पर्दछ ।

४. एकिकृत वस्तिमा कम्तीमा सामुदायिक भवन ( न.पा., वडा कार्यालयको), प्रहरी चौकी, स्वास्थ्य चौकी, आधारभुत विद्यालय, पार्क र खेलकुद मैदानको व्यवस्था हुनु पर्नेछ ।

५. परियोजना प्रस्ताव पेश गर्दा प्रस्तावित वस्तिको क्षेत्रफल, घर संख्या, बाटोको नक्सा आदि खुलेको हुनुपर्नेछ ।

६. माथि उल्लेख भए अनुसारको प्राप्त ईच्छापत्रको आधारमा नगरपालिकाले उपर्युक्त ठानेमा क्षेत्र बस्ती विकासकालागि छनौट गरी मन्त्रालयमा सिफारिस गरिनेछ ।

७. प्रारम्भिक छनौटबाट उपयूक्त देखिएका बस्ती विकासको परियोजना मन्त्रालय वाट स्वीकृत भएमा नगरपालिकाको प्रत्यक्ष नेतृत्वमा परियोजनाको बिस्तृत सर्वेक्षण गर्ने व्यवस्था मिलाईनेछ ।

.......................

प्रमोद कुमार चौधरी

कार्यकारी अधिकृत

प्रमोद कुमार चौधरी

कार्यकारी अधिकृत

रामधुनी भासि नगरपालिका